# राष्ट्रिय सूचना आयोगद्वारा

## प्रथम दूई बर्ष (२०७१ माघ- २०७३ पुष) मा

## सम्पादित प्रमुख कार्यहरूको बिबरण

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोग

# आयोगको प्रथम दूई बर्ष

बर्तमान नेपालको संबिधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक प्रदान गरिएको छ । बिश्वव्यापी प्रचलनअनुसार आम नागरिकलाई सूचनाको हकअन्तर्गत अत्याधिक सूचना प्रवाह गर्ने प्रयास गरिन्छ । यस सन्दर्भमा राज्य प्रणाली संचालन र व्यवहारसँग सम्बन्धित केही सूचना प्रवाहमा रोक लगाउने पनि गरिन्छ । जसअनुसार संबिधानको धारा २७ मा तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भनिएको छ र यसअनुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा सार्वभौमसत्तामा गम्भीर खलल पर्ने, अपराधको अनुसन्धानमा प्रत्यक्ष असर पर्ने, आर्थिक गोपनीयतामा गम्भीर आघात पार्ने, सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने र व्यक्तिगत गोपनीयतामा खतरा पुऱ्याउने सूचनाहरू प्रवाहमा बन्देज लगाएको छ । साथै सोही ऐनबमोजिम यस प्रकारका सूचनाको बर्गिकरण गरी अधिकतम् ३० बर्षसम्म गोप्य राख्न सकिने गरी तोकिएको छ । तर, हाल नेपाल सरकारबाट सूचना बर्गिकरण नगरिएकाले सबै प्रकारका सूचना प्रवाहयोग्य रहेको अबस्था छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहूँचको प्रत्याभूति गरेको छ । संबिधानमा मौलिक हकका रुपमा रहेको नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने कानूनको व्यवस्था बमोजिम २०७१ पुष ३० गते देखि आफ्नो जिम्मेवारी सम्हालेको प्रमुख सूचना आयुक्त र दूई जना सूचना आयुक्तहरू रहेको राष्ट्रिय सूचना आयोगले पहिलो दूई बर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरेको छ । यस दूई बर्षे कार्यकालमा आयोगले बिभिन्न प्रकारका दूई हजारभन्दा बढी आदेश जारी गरेको छ । त्यसमध्ये सार्वजनिक निकायका प्रमुखहरूलाई ३।३ महिने बिवरण सार्वजनिक गर्नू, सूचना अधिकारी तोक्नू र सूचना माग एबं प्रवाहको छुट्टै अभिलेख राख्नू भन्ने आदेश बढि छ । यस अतिरिक्त सबै सरकारी तालीम केन्द्रले सूचनाको हकलाई आफ्नो तालीमको पाठ्यकममा समावेश गर्नू, नागरिकबाट प्रस्तुत भएको पुनराबेदनमा माग भएको सूचना दिनू, प्रतिस्पर्धात्मक परीक्षाको प्राप्ताङ्क दिनू, नागरिक बडापत्रको एकीकृत संगालो जारी गर्नू, स्थानीय निकायको बार्षिक बजेट र कार्यक्रम सार्वजनिक गर्नू लगायतका बिषय प्रमुख छन् । यसैबीच आयोगले मुलुकका बिभिन्न जिल्लामा छलफल/अन्तरकियाको आयोजना गरेको छ । स्कूलको पाठ्यक्रममा यस बिषयलाई समावेश गरेको छ । एक प्रकारले मुलुकमा सूचना लिने दिने संस्कृतिमा बिशेष अभियान आरम्भ भएको महसुस गरिएको छ ।

आयोगले आफ्नो पहिलो दूई बर्षे कार्यकाल सम्पादन गर्दा अनेकौं प्रकारका समस्या र अप्ठ्यारा पनि व्यहोर्नु परेको छ । तथापी आई परेको कठिनाईलाई सुल्झाउँदै नागरिकको सूचना माग्ने र पाउने हकको पूर्ण प्रत्याभूतिका लागि आयोगको सत्प्रयासमा सबै क्षेत्र र पक्षबाट सहयोग पनि प्राप्त भएको महसुस गरिएको छ । जुन सहयोग भबिष्यमा पनि निरन्तर प्राप्त भै रहने अपेक्षा गरिन्छ । अन्त्यमा, यस पुस्तिका तयार गर्न आयोगका सचिब लगायत सबै कर्मचारीबाट प्राप्त सहयोगका लागि आयोगका तर्फबाट धन्यबाद ज्ञापन गर्दछौं ।

| | | |
|---|---|---|
| (यशोदादेबी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

# राष्ट्रिय सूचना आयोगद्वारा प्रथम दूई बर्ष (२०७१ माघ-२०७३ पुष) सम्पादित प्रमुख कार्यहरूको बिवरण

१. **पदाधिकारीहरूको नियुक्ति र कार्य प्रगति सार्वजनिक :**

नेपालको संबिधानको धारा २७ मा उल्लेखित नागरिकको सूचना माग्ने र पाउने मौलिक हकको प्रचलनका लागि जारी भएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न गठित यस राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा तथा सूचना आयुक्तमा श्री किरणकुमार पोखरेल र श्री यशोदादेबी तिम्सिना नियुक्त भै निजहरूले २०७१ पुष ३० गतेबाट कार्यभार सम्हाले पछि महिलो ३ महिना, पहिलो ६ महिना र पहिलो एक बर्षमा सम्पादित प्रमुख कार्यप्रगति सार्वजनिक भैसकेको छ । यो प्रथम दूई बर्षको कार्यप्रगति बिवरण सार्वजनिक गरिएको हो ।

२. **आयोगको आदेश र बैठक :**

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र आयुक्तहरूद्वारा २०७१ पुष ३० गतेदेखि २०७३ पुष मसान्तसम्ममा बिभिन्न किसिमका ........... वटा आदेश जारी भएका छन् । साथै, यस अबधिमा ............ वटा आयोगको बैठक बसी बिभिन्न महत्वपूर्ण बिषयका निर्णय भएको छ ।

३. **बिभिन्न सार्बजनिक निकायका प्रमुखको नाममा आदेश जारी :**

राष्ट्रिय सूचना आयोगले निम्न लिखित सार्बजनिक निकायका प्रमुखको नाममा ३।३ महिनामा आ-आफ्नो निकायको बिवरण सार्वजनिक गर्न, सूचना अधिकारी तोक्न र सूचना माग तथा प्रवाहको छुट्टै अभिलेख राख्न आदेश जारी गरेको छ ।

३.१ तत्कालीन २७ वटा मन्त्रालय र २१ वटा केन्द्रीयस्तरका निकायका सचिबको नाममा आदेश जारी गरिएको ।

३.२ निर्वाचन आयोगमा दर्ता भएका १८० वटा राजनैतिक दलका प्रमुखको नाममा आदेश जारी गरिएको ।

३.३ नेपाल राष्ट्र बैंकका गभर्नर र उक्त बैंकको अनुमतिमा संचालित २३७ वटा बैंक तथा बित्तिय संस्थाका कार्यकारी प्रमुखको नाममा आदेश जारी गरिएको ।

३.४ बीमा समितिका अध्यक्ष र उक्त समितिको अनुमतिमा संचालित २७ वटा बीमा कम्पनीका कार्यकारी प्रमुखको नाममा आदेश जारी गरिएको ।

३.५ नेपाल सरकारको स्वामित्वमा रहेका ६२ वटा सार्वजनिक संस्थानका प्रमुखको नाममा आदेश जारी गरिएको ।

३.६ समाज कल्याण परिषद र सो परिषदको अनुमतिमा संचालित प्रमुख २५७ वटा गैर सरकारी संस्थाका प्रमुखको नाममा आदेश जारी गरिएको ।

४. **व्यवस्थापिका संसदको विकास समितिमा छलफल :**

सूचनाको हकको प्रभावकारी प्रचलनका लागि व्यवस्थापिका संसदको बिकास समितिका माननीय सभापति श्री रबिन्द्र अधिकारीको अध्यक्षमा राजनैतिक दल र नेपाल सरकारका सचिबहरूसँग छुट्टाछुट्टै बिशेष अन्तरक्रिया भएको छ ।

५. **नागरिक बडापत्रको एकीकृत संगालो जारी गर्न आदेश :**

राष्ट्रिय सूचना आयोगले पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई आ-आफ्नो जिल्लामा कार्यरत सरकारी निकायको नागरिक बडापत्रको एकीकृत संगालो तयार गरी गाउँ बिकास समितिसम्म बितरण गर्न आदेश जारी गरेको छ ।

६. **तालीमको पाठ्यक्रममा सूचनाको हक समाबेश गर्न आदेश :**

नेपाल सरकारका १९ वटा तालीम केन्द्रमा संचालन हुने सबै प्रकारका तालीममा सूचनाको हकलाई पनि पाठ्यक्रम भित्र समाबेश गर्न राष्ट्रिय सूचना आयोगले आदेश जारी गरेको छ ।

७. **भूकम्पपछिको पुनर्स्थापना र पुनर्निमाणको काममा पारदर्शिता अपनाउन सुझाब :**

राष्ट्रिय सूचना आयोगले २०७२ बैशाख १२ र २९ गतेको बिनाशकारी भूकम्पपछिको उद्धार, राहत, पुनर्स्थापना र पुनर्निमाणको काममा पूर्णतः पारदर्शिता अपनाउन नेपाल सरकारलाई १४ बूँदे लिखित सुझाब पेस गरेको छ ।

८. **बिद्यालयको पाठ्यक्रममा सूचनाको हक समाबेश :**

राष्ट्रिय सूचना आयोगको पहलमा कक्षा ९ को पाठ्यक्रममा सूचनाको हक बिषय समाबेश भै सकेको छ । यसैगरी कक्षा ६, ७ र ११ को पाठ्यक्रममा पनि यो बिषय समाबेश गर्ने कार्य भै रहेको छ । साथै कक्षा ८ को ऐच्छिक बिषयमा पाठ्यपुस्तक तयार गर्ने र शिक्षकका लागि सूचनाको हकसम्बन्धी जानकारीमूलक पुस्तिका तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

९ **जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम :**

राष्ट्रिय सूचना आयोगबाट विभिन्न जिल्लामा सरकारी कार्यालयका प्रमुख, सूचना अधिकारी, राजनैतिक दलका प्रतिनिधि,संचारकर्मी, सूचनाको हकका अभियान्ता, नागरिक समाजका अगुवा लगायतको सामूहिक भेला गराई सूचनाको हकको प्रभावकारी प्रचलनका लागि अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ । यस्तो कार्यक्रम हालसम्म करिब ६५ जिल्लामा आयोजना गरियो । यी कार्यक्रमका प्रभाव स्वरुप हाल पचहत्तरै जिल्लामा सूचनाको हकले विशेष अभियानको रुप लिएको छ ।

यस अतिरिक्त विभिन्न निकाय र जिल्लाको सक्रियतामा पनि सूचनाको हकसम्वन्धी अन्तरक्रियामा आयोगले सक्रियता र संलग्नता रहेको छ ।

१०. **संविधान निर्माणमा सुझाव :**

वर्तमान नेपालको संविधान निर्माणको सन्दर्भमा २०७२ साउन ४ र ५ गते आम सर्वसाधारण समेतसँग संविधानको मस्यौदा उपर राय, सुझाव माग भएको थियो । राष्ट्रिय सूचना आयोगले यस क्षेत्रमा क्रियाशील बिज्ञ व्यक्तिहरू समेतसँग परामर्श गरी सभामुख, संसदका विभिन्न मस्यौदा समितिका संयोजकहरूसँग भेटी संविधानको धारा २७ मा निम्न कुरा समावेश गर्न लिखित र मौखिक सुझाव प्रस्तुत भएको थियो ।

१०.१ सूचनाको हकको पहुँचमा 'नागरिक' को सट्टा 'व्यक्ति' लाई प्रदान गर्ने ।

१०.२ सूचना माग्ने र पाउने हकको साथै 'प्रवाहको हक' थप गर्ने ।

१०.३ नेपालमा प्रादेशिक सूचना आयोग स्थापना गरिने कुरा समावेश गर्ने ।

१०.४ संघीय र प्रादेशिक सूचना आयोगको लागि एउटा छाता ऐन निर्माण गर्ने ।

१०.५ तर कानूनद्धारा गोप्य राखिएका जानकारी दिन बाध्य गरिने छैन भन्ने बाक्यको सट्टा तर, सूचनाको हकसम्वन्धी ऐनले प्रवाह गरिने छैन भन्ने सूचना दिन बाध्य गरिने छैन भन्ने व्यहोरा संविधानमा लेख्ने ।

११. **संचारकर्मीसँग अन्तरक्रिया :**

राज्य र नागरिकवीच सूचना प्रवाहमा सेतुको भूमिका निर्वाह गर्ने संचारकर्मीसँग सूचनाको हकको प्रभावकारी प्रचलनका लागि पटक पटक अन्तरक्रिया भएको छ । यस्तो अन्तरक्रिया राष्ट्रिय दैनिक पत्रिकाका प्रधान संपादक, टेलिभिजनका प्रमुख, रेडियोका प्रमुखहरू, अनलाईनमा संलग्न संचारकर्मीहरू, साप्ताहिक पत्रिकाका प्रधान सम्पादकहरू, फोटो पत्रकारहरू लगायतसँग छुट्टा छुट्टै अन्तरक्रिया कार्यक्रमको आयोजना भएको छ । साथै, संचारकर्मीका लागि सूचनाको हकको प्रशिक्षक प्रशिक्षण संचालन गरिनुका साथै संचारकर्मीहरू वीच सूचनाको हकको निवन्ध प्रतियोगिता गरी पुरस्कृत समेत गरिएको छ ।

१२. **राष्ट्रपति र सरकारका तीन अंगका प्रमुखसँग भेटघाट :**

समय समयमा आयोगका प्रमुख आयुक्त र सूचना आयुक्तहरूद्धारा मुलुकका राष्ट्राध्यक्षहरू तत्कालीन राष्ट्रपति डा. रामवरण यादव र बर्तमान राष्ट्रपति श्री विद्यादेवी भण्डारीसँग आयोगबाट सम्पादित कामका विषयमा समीक्षात्मक/व्रिफङ्ग बैठक भएको छ ।

यसैगरी आयोगका पदाधिकारीहरूले समय समयमा मुलुकका प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखसँग भेटघाट गरी सूचनाको हकको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा विभिन्न समयमा विभिन्न विषयमा विचार विमर्श भएको छ ।

**१३. जनतासँग प्रत्यक्ष सरोकार राख्ने पूँजीगत बजेट सार्वजनिक गर्न आग्रह :**

राष्ट्रिय सूचना आयोगको २०७२ भदौ १४ गतेको बैठकद्धारा जिल्लास्तरमा विकाससँग सम्वन्धित पूजिगत बजेट र खर्चहरू भएका निकाय र जनतामा प्रत्यक्ष असर पार्ने कार्यक्रम एवं बजेटलाई आ-आफ्नो कार्यालय परिसर (मन्त्रालय, विभाग र जिल्लास्तरिय कार्यालयमा) मा फ्लेक्स बोर्ड मार्फत सार्वजनिक गर्न निम्न मन्त्रालयलाई आग्रह गरेको छ ।

१३.१ कृषि विकास मन्त्रालय
१३.२ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१३.३ महिला बालबालिका तथा समाज कल्यण मन्त्रालय
१३.४ वन तथा संरक्षण मन्त्रालय
१३.५ शान्ति तथा पुनर्निर्माण मन्त्रालय
१३.६ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१३.७ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
१३.८ सिंचाई मन्त्रालय
१३.९ सहरी विकास मन्त्रालय
१३.१० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**१४. खुल्ला सरकारी तथ्यांक (OGD) लागू गर्ने 'कार्य योजना निर्माण' :**

संयुक्त राष्ट्र संघको सहयोग तथा राष्ट्रिय सूचना आयोगको नेतृत्वमा देशमा खुला सरकारी तथ्याङ्को अबधारणा लागू गर्न यससम्बन्धी 'कार्य योजना (Action Plan) निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ । आयुक्तद्वय किरणकुमार पोखरेल र यशोदादेबी तिम्सिना तथा आयोगका सचिब शरदराज बिष्ट सम्मिलित टोलीले दक्षिण कोरियामा OGD को अभ्यासबाट गरेको प्रगतिको अध्ययन पछि थाइल्याण्डको बैंककमा आयोजित खुल्ला तथ्याङ्क सम्बन्धी क्षेत्रीय कार्यशालामा प्रस्तुत गरेको कार्य योजनाको मस्यौदामा बिभिन्न देशका बिज्ञहरूको राय लिइएको थियो । सो काम सम्मिलित गरेर नेपालका लागि खुला सरकारी तथ्याङ्क सम्बन्धी कार्य योजना बनाउने काम अन्तिम चरणमा पुगेको छ । यसअघि आयोगले खुला सरकारी तथ्यांकमा ३ दिने विशेष गोष्ठी आयोजना गरेको थियो । २०७२ कार्तिकमा सम्पन्न यस गोष्ठीमा मुलुकभरीका करिव ७० जनाको सहभागिता थियो । यसबाट नेपालमा पनि Open Government Data मा नीति निर्माण गर्ने र अघि बढ्ने राज्यको प्रयास थालनी भएको महशुस गरिएको छ ।

यसैगरी आयोगले २०७२ चैत्रमा दोस्रो चरणमा ५ दिने खुला सरकारी तथ्यांक सम्वन्धी गोष्ठी आयोजना गरेको थियो । करिव ७० जना सहभागी रहेको यस कार्यक्रमबाट नेपालमा Open Government Data मा काम गर्ने वातावरण निर्माण भएको महशुस गरिएको छ ।

**१५. खुल्ला सरकार साझेदारीमा सहभागिता :**

आयोगका प्रमुख आयुक्त र नेपाल सरकारका मुख्य सचिवले मेक्सिकोमा आयोजित तेस्रो विश्वव्यापी Open Government Partnership सम्मेलनमा सहभागिता जनाउनु भयो । सो वखत नेपाली प्रतिनिधि मण्डल सँग औपचरिक बार्ता भयो । तत् पश्चात नेपाललाई सदस्यता लिन Invitation Letter प्राप्त भयो । प्रमुख आयुक्तको संयोजकत्वमा गठित कमिटीले नेपाल सरकारलाई OGP को सदस्यता लिन सिफारिश गरेको छ । यसबाट नेपालमा खुला र पारदर्शिताको अभिबृद्धिमा थप अवसर उपलव्ध हुनेछ ।

**१६. आपूर्ति व्यवस्थापन सम्वन्धी सूचना प्रवाह गर्न आग्रह :**

नेपालको दक्षिणी सिमानमा भएको अवरोधका कारण मुलुकभित्र श्रृजित दैनिक उपभोग्य बस्तुको आपूर्ति व्यवस्थापनमा देखिएको अप्ठ्यारोलाई हटाउन आयोगले सम्वद्ध उच्च पदाधिकारीहरूलाई आयोगमा डाकी आपूर्ति व्यवस्था सम्वन्धी सही सूचना सम्प्रेषण गर्न विशेष निर्देशन दिएको थियो । साथै आयोगले

नियमित रुपमा बजार अनुगमन गर्न, आवश्यकतानुसार उपभोक्ताहरूलाई आश्वस्त तुल्याउन माईकिंग गर्न, विशेषगरी खाद्यान्न, दूध, औषधी, पानी , हरियो तरकारीको आपूर्ति सम्वन्धी सूचना चुस्त र दुरुस्त तुल्याई जनतावीच पुर्‍याउन निर्देशन दिईएको थियो ।

आयोगले गत बर्ष गएको महाभूकम्पका बखत पनि नेपाल सरकारका सरोकारवाला निकायको ध्यानाकर्षण गर्दै सत्य तथ्य सूचना प्रवाह गर्न आग्रह गरेको थियो ।

**१७. विकासका साझेदारसँग छलफल :**

राष्ट्रिय सूचना आयोग र गभरमेण्ट फेसिलिटीवीच सहयोगको लागि हस्ताक्षर भै सूचना परियोजना संचालित छ । यसैगरी आयोग र संयुक्त राष्ट्र संघीय जनप्रशासन विभागवीच संझौता भई Open Government Data मा काम भैरहेको छ । यसैगरी आयोग र UN Women वीच पनि MOU भै सूचनामा महिलाको पहूँचमा काम भैरहेको छ । यस अतिरिक्त आयोगले नेपालमा क्रियाशील दातृ समुदायसँग सूचनाको हकको प्रचलनमा बिशेष अन्तरक्रिया गरेको छ ।

**१८. नेपाल सरकारका विशिष्ट श्रेणीका सचिवसँग अन्तरक्रिया :**

सूचनाको हकको प्रभावकारी प्रचलनका लागि नेपाल सरकारका विशिष्ट श्रेणीका सचिवहरूसँग २०७२ पुषमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । नेपालको संवैधानिक व्यवस्था, कानूनले सार्वजनिक निकायलाई तोकेको दायित्व, नेपाल सरकारका सचिवहरूको भूमिका लगायत विविध पक्षमा अन्तरक्रिया गरिएको थियो । यसबाट मन्त्रालयहरूले ३।३ महिनामा स्वत: प्रकाशन गर्ने गरेको, सूचना अधिकारी तोकिएको, सूचना लिने दिने र मातहत निकायमा पनि सूचना प्रवाहमा निर्देश गरेको पाईएको छ ।

**१९ नेपाल सरकारका विभागका महानिर्देशकहरू सँग अन्तरक्रिया :**

राष्ट्रिय सूचना आयोगले २०७२ माघमा नेपाल सरकारका सबै विभागका महानिर्देशकहरूसँग सूचनाको हकको प्रभावकारी प्रचलनका लागि अन्तरक्रिया कार्यक्रम गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि बिभागहरूबाट अपेक्षा गरिएका २० वटा बुँदा सार्बजनिक गरिएको थियो । जसबाट विभागका महानिर्देशकहरूले आफूहरू आयोगको प्रस्तुतिबाट सन्तुष्टी भएको र कार्यान्वयनमा जुट्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

१९.१ नागरिकको संवैधानिक अधिकारको सम्मान गर्ने ।
१९.२ सूचनामा नागरिकको पहुँच सुनिश्चित गर्ने ।
१९.३ सूचनाको वर्गिकरण गर्ने ।
१९.४ वीस बर्षसम्मका सूचना अध्यावधिक गर्ने
१९.५ तीन तीन महिनामा स्वत: प्रकाशन गर्ने ।
१९.६ आफ्ना कर्मचारीलाई तालीम दिने ।
१९.७ सरकारी काम कारवाही खुल्ला गर्ने ।
१९.८ विभिन्न संचार माध्यम र भाषामा आफ्ना काम कारबाही सार्वजनिक गर्ने ।
१९.९ सूचना अधिकारीको व्यवस्था गर्ने ।
१९.१० नागरिकसँग विनयशीलतापूर्वक व्यवहार गर्ने ।
१९.११ कानूनले तोकेको समय सिमा भित्र सूचना दिने ।
१९.१२ कार्यालय प्रमुखसमक्ष उजूरी परेमा तुरुन्तै सूचना दिने ।
१९.१३ राष्ट्रिय सूचना आयोगको आदेश पालना गर्ने ।
१९.१४ सूचना प्रवाहमा कम दस्तुर लिने ।
१९.१५ सूचनाको संरक्षण गर्ने ।
१९.१६ सूचनादाताको संरक्षण गर्ने ।
१९.१७ सूचनाको दुरुपयोग रोक्ने ।
१९.१८ हानी नोक्सानी पुगेमा क्षतिपूर्ति दिने ।
१९.१९ व्यक्तिगत सूचना संरक्षण र प्रवाह गर्ने
१९.२० आफ्नो निकायलाई उत्कृष्ट तुल्याउने प्रयास गर्ने ।

२०. **आ.ब. २०७०/७१ र २०७१/७२ को प्रतिवेदन प्रस्तुत :**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २५ अनुसार आयोगबाट आर्थिक बर्ष २०७०/७१ र २०७१/७२ मा सम्पादित कार्यहरू समेटिएको आयोगको बार्षिक प्रतिवेदन तत्कालीन प्रधानमन्त्रीहरू क्रमशः श्री सुशिल कोईराला र श्री के.पी. शर्मा ओलीलाई हस्तान्तरण गरियो ।

बिशेष समारोहकावीच प्रतिवेदन हस्तान्तरण गर्दै आयोगका तीनै जना आयुक्तहरूले यो आयोगको क्रमशः छैठौं र सातौ प्रतिवेदन भएको र हालसम्म व्यवस्थापिका संसदमा आयोगको प्रतिवेदन उपर छलफल नभएकाले सीघ्र छलफलका लागि पहल गरिदिन समेत आग्रह गर्नु भयो ।

२१. **रेडियो र टिभीबाट सन्देशमूलक कार्यक्रम संचालन :**

राष्ट्रिय सूचना आयोगबाट आम जनतामा सूचनाको हकका विषयमा सचेतता फैलाउन रेडियो नेपाल र नेपाल टेलिभिजनबाट विशेष कार्यक्रम संचालनमा ल्याईएको छ । यी कार्यक्रममा सूचनाको हकको विविध पक्षलाई समेटिएको छ । यस कार्यक्रमको प्रभाब स्वरुप सूचना माग गर्ने र पाउनेको संख्या बृद्धि भएको अनुभूति गरिएको छ । क्रमशः नेपाली जनता आफ्नो सूचनाको हकप्रति सजग हुदै गएको सन्तोषजनक स्थिति बनेको छ ।

२२. **RTI Audit सम्पन्न :**

राष्ट्रिय सूचना आयोगले पहिलो पटक नेपालमा क्रियाशील ३१ वटा मन्त्रालयमा सूचनाको हकको प्रचलनको स्थिति बारे जानकारी लिन Right to Information Audit गरेको छ । यस काममा लागि विभिन्न २० वटा सूचकांक प्रयोगमा ल्याईएको थियो । यसका लागि ३१ वटै मन्त्रालयमा सम्भव भएसम्म सोही मन्त्रालयको सचिवबाट अवकाश भएका पूर्व सचिवहरूलाई मूल्यांकनका लागि पठाईएको थियो । यसबाट प्राप्त नतिजाका आधारमा आयोगले नेपाल सरकारलाई सुझाव दिनुका साथै आफ्नो भावी रणनीतिमा पनि सोही अनुरुप परिमार्जन गरेको छ ।

२३. **आयोगको पाँच बर्षे रणनीति तयार :**

राष्ट्रिय सूचना आयोगले साविकको सन् २०१३-१८ को पाँच बर्षे रणनीतिलाई समयानुकुल परिमार्जन गरी सन् २०१६-२० को पाँचबर्षे रणनीति तर्जुमा गरेको छ । यस रणनीतिमा सूचना माग पक्षलाई ससक्त तुल्याउने, सूचना प्रवाह गर्ने निकाय र पदाधिकारीहरूलाई उत्प्रेरित गर्ने र आयोगको क्षमता अभिबृद्धि गर्ने गरी तीन खम्वे रणनीति (Demand Side Empowerment, Supply Side Strengthing and Capacity Development) तयार गरेको छ ।

२४. **क्षेत्रीय गोष्ठीको आयोजना :**

२०७३ बैशाख २२ गते राष्ट्रिय सूचना आयोगको स्थापना दिवसको उपलक्ष्यमा क्षेत्रीय गोष्ठीको आयोजना गरियो । पाँचै विकास क्षेत्रमा क्षेत्रीय प्रशासकहरूसँग समन्वय गरी विशेषगरी क्षेत्रीयस्तरका कार्यालयमा सूचनाको हकको प्रचलन बढाउने ध्येयले यस गोष्ठीको आयोजना गरिएको थियो । यस गोष्ठीमा क्षेत्रीयस्तरका प्रमुख, सूचना अधिकारी, संचारकर्मी, नागरिक समाजका अगुवा र सूचनाको हकका अभियान्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रम विराटनगर, मकवानपुर, पोखरा, कोहलपुर र डोटीमा सम्पन्न भयो ।

२५. **आयोग स्थापना दिवसमा प्रभातफेरी :**

२०७३ बैशाख २२ गते आयोग स्थापना दिवसको उपलक्ष्यमा पहिलो पटक सूचनाको हकका क्षेत्रमा क्रियाशील व्यक्तिहरूद्धारा प्रभातफेरी कार्यक्रमको आयोजना गरियो । राष्ट्रिय सूचना आयोगको अगुवाईमा भएको यस कार्यक्रममा करिव ३०० जनाको सहभागिता भयो । साथै सो दिन करिव ३०० जना विशिष्ट व्यक्तिहरूको उपस्थितिमा चियापान कार्यक्रमको आयोजना गरियो । यस कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधिश श्री सुशिला कार्की हुनुहुन्थ्यो ।

२६. **स्वतन्त्र आयोगको लोगो निर्माण :**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग गठन हुने कुरा लेखिएको छ । यसअनुसार गठित आयोगले

आफ्नो स्वतन्त्र पहिचानलाई थप मजबुत पार्न पहिलो पटक आफ्नो लोगो निर्माण गरेको छ । यस लोगोमा परेवा र शंखलाई सूचनाको प्रतिक मान्नुका साथै पारदर्शीताका लागि तिनको पानीमा छाया देखाईएको छ र नेपाली र अंग्रजी भाषामा चन्द्र सूर्य सहित आयोगको नाम लेखिएको गोलाकारमा आयोगको लोगो निर्माण भएको छ । लोगो निर्माण प्रतियोगितामा लालकाजी लामा प्रथम हुनु भै पुरस्कृत हुनु भएको थियो । हाल आयोगले आफ्नो लोगो र राज्यको प्रतिक चिन्ह दुबै प्रयोग गर्दै आएको छ ।

**२७. प्रेस काउन्सिल र इरिकनसँग सहकार्य :**

आयोगले प्रेश काउन्सिल र इरिकनसँग सहकार्य गरी मासिक रुपमा सूचनाको हकको स्थितिबारे सरोकारवालाहरूसँग समीक्षात्मक कार्यक्रम संचालन गरिआएको छ । यस्तो कार्यक्रम सामान्यतः दैनिक पत्रपत्रिकाले सूचनाको हकलाई स्थान दिएको विषय, खोज पत्रकारिताको पक्ष, सूचनाको हक र संचारकर्मीको अनोन्याश्रित सम्वन्ध लगायतका पक्षमा खोजपूर्ण र विवेचनात्मक कार्यपत्र प्रस्तुती, टिप्पणी र विश्लेषश हुने गरेको छ ।

**२८. Mr. Toby Mendel सँग कुराकानी :**

क्यानडामा रहेको Centre for Law and Democracy नामक सस्थाले ६१ वटा सूचकाङ्कका आधारका सन् २०१६ मा १११ वटा मुलुकको सूचनाको हकसम्वन्धी कानूनलाई अंक दिई विश्व वरियताक्रम तयार गरेको छ । यसमा नेपालको कानूनले १५० पूर्णाङ्कमा १०४ अंक प्राप्त गरी विश्व बरियतामा उत्कृष्ट कानून निर्माण गर्ने मुलुकको पङ्तिमा २७ औ स्थानमा रहेको छ । यस सस्थाको कार्यकारी प्रमुख Mr. Toby Mendel नेपाल आएका बेला निजलाई आयोगमै आमन्त्रण गरी विस्तृत रुपमा नेपालको कानूनले १०४ भन्दा बढी अंक पाउनु पर्ने जिकिर गरिएको छ । निजले आयोगको जिकिरलाई उचित ठानी भविष्यमा गरिने परिमार्जन अंक सच्याईने आश्वासन दिएका छन् ।

**२९. अधिकार प्रत्यायोजन :**

राष्ट्रिय सूचना आयोगको २०७३ बैशाख ३१ गतेको बैठक निर्णयद्धारा पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई आ-आफ्नो जिल्लाका सरकारी कार्यालय र सार्वजनिक संस्थानमा निम्नानुसारका ३ वटा विषयमा आदेश जारी गर्न सक्ने गरी आयोगले आफ्नो अधिकार प्रत्यायोजन गरेको छ ।

२९.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३।३ महिनामा स्वतः प्रकाशन नियमित गर्न जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूलाई आदेश दिने ।

२९.२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क बमोजिम जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानमा सूचना अधिकारी तोक्न र ती पदाधिकारीको नाम, सम्पर्क र फोटो सहित बिवरण फ्लेक्स बोर्डमा सार्वजनिक गर्न आदेश दिने ।

२९.३ सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३(ख४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको बिषयलाई पनि ३।३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था भए बमोजिम जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराईएको वा इन्कार गरिएको बिवरणको छुट्टै अभिलेख राख्न आदेश दिने । यस अधिकार प्रत्यायोजन पछि प्रत्येक जिल्लामा सूचना लिने दिने संस्कृतिमा बढोत्तरी भएको छ । साथै धेरै जिल्लामा स्वयं प्रमुख जिल्ला अधिकारीको अगुवाइमा सूचनाको हकसम्वन्धी ऐन नियमको प्रभावकारी प्रचलन गर्न गराउन लिखित प्रतिबद्धता पत्र जारी गर्ने अभियान आरम्भ भएको छ ।

**३०. बिभिन्न दिबसहरू मनाएको :**

राष्ट्रिय सूचना आयोगले प्रत्येक बर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिबस मनाउँदै आएको छ । यस दिबसलाई आयोगको आग्रहमा पचहत्तरै जिल्लामा मनाउँदै आइएको छ । यसैगरी प्रत्येक बर्षको बैशाख २२ गते आयोग स्थापना दिबस मनाउने गरिएको छ । साथै, सेप्टेम्बर २८ का दिन Internatioanl Day for Universal Access to Information दिबस मनाउने गरिएको छ ।

**३१.** **नेपाल र बंगलादेशको आयोगबीच सहयोगको आदान-प्रदान :**

राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोगबीच सहयोगको आदन-प्रदान गर्ने गरी निकट भबिष्य मै MOU मा हस्ताक्षर हुनेछ । यसका लागि दुबै देशका मन्त्रिपरिषद्‌बाट अनुमति प्राप्त भैसकेको छ ।

**३२.** **गोप्य प्राबधान हटाउन आग्रह :**

राष्ट्रिय सूचना आयोगले कर्मचारीको शपथ ग्रहणमा रहेको गोपनीयताको शब्द हटाउन नेपाल सरकारसँग आग्रह गरेको छ । यसैगरी सरकारी कागजातमा लगाईने अति गोप्य र गोप्य छाप हटाउन पनि नेपाल सरकारको ध्यानाकर्षण गरिएको छ । यसैगरी सूचनाको हक एबं लोकतन्त्रको मर्म बिपरित पारदर्शितामा प्रत्यक्ष आघात पुर्‍याउने करिब २७० वटा कानूनमा रहेका गोपनीयताका प्राबधानलाई सूचनाको हकसम्बन्धी ऐन अनुकूल संशोधन/परिमार्जन गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ ।

**३३.** **सूचना अधिकारी र सूचना मागकर्तालाई पुरस्कार :**

सूचना लिने दिने संस्कृतिको बिकास गर्न राष्ट्रिय सूचना आयोगले ५ जना उत्कृष्ट सूचना अधिकारी र ५ जना उत्कृष्ट सूचना मागकर्तालाई जनही तीस हजारका दरले पुरस्कृत गरेको छ । यसबाट सूचना माग गर्ने र प्रवाह  गर्ने दुबै पक्षमा सकारात्मक उत्प्रेरणा जागृत हुने बिश्वास गरिएको छ ।

**३४.** **दूई दर्जन प्रकाशन जारी :**

दूई बर्षको अबधिमा आयोगबाट महिलाको छुट सुबिधासम्बन्धी सूचनायुक्त नमुना पुस्तिका, ऐन कानूनको संगालो, सूचनासम्बन्धी जर्नल र बुलेटिन, सूचनाको हकको बिश्व इतिहासबारे जानकारी दिने पुस्तिका, स्वतः प्रकाशन गर्ने, सूचना अधिकारीका लागि उपयोगी सामाग्री लगायत करिब दूई दर्जनको संख्यामा बिबिध सामाग्री प्रकाशित भएका छन् । पत्र-पत्रिकामा यससम्बन्धी सूचनामूलक सामाग्री प्रकाशित भै रहेको छ ।

**३५.** **सार्वजनिक प्रतिबद्धता व्यक्त गर्ने लहर :**

आयोगबाट बिभिन्न जिल्लामा सूचनाको हकसम्बन्धी कार्यक्रम आयोजना गर्दा कार्यालय प्रमुखहरूबाट सात बुँदे लिखित प्रतिबद्धता व्यक्त हुन थालेको छ । यसमा सूचनाको हकको सम्मान गर्ने, ३।३ महिनामा बिबरण सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, तोकिएको अबधिकै सूचना दिने, ३।३ महिनामा मिट द प्रेस गर्ने, प्रजिअले सूचना अधिकारीसँग नियमित बैठक गर्ने जस्ता बिषय समेटिएका छन् ।

**३६.** **सात प्रदेश हेर्ने ७ उप सचिब थप :**

राष्ट्रिय सूचना आयोगको दरबन्दीमा नेपाल सरकारले ७ वटा प्रदेशको डेस्क खडा गर्ने ७ जना उप सचिबको दरबन्दी थप गरेको छ । यसबाट आयोग प्रान्तीयस्तरमा बिस्तार हुन सक्ने अबस्था सृजना गरेको छ । यसमा आयोगले प्रादेशिक सूचना आयोग नै गठन हुनु पर्ने कुरामा सम्बद्ध पक्षको ध्यानाकर्षण गरेको छ ।